# <u>आर्थिक रुपले विपन्न नागरिक औषधी उपचार आर्थिक सहायता निर्देशिका, २०७६ (संसोधनसहित)</u>

<u>संशोधन गर्ने निर्देशिका</u>                                        संशोधन मितिः २०७७।६।७

आर्थिक रुपले विपन्न नागरिक औषधी उपचार आर्थिक सहायता (पहिलो संशोधन) निर्देशिका, २०७७

<u>**प्रस्तावनाः**</u> [⊗]*कडा तथा अन्य गम्भीर* रोग लागी औषधोपचार गर्नुपर्ने अवस्थाका आर्थिक रुपले विपन्न सुदूरपश्चिम प्रदेशका नागरिकहरुलाई औषधी उपचारमा आर्थिक सहायता प्रदान गर्न र सो कार्यमा पारदर्शीता एवं प्रभावकारिता ल्याउन वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी सुदुरपश्चिम प्रदेश सरकारले यो निर्देशिका बनाएको छ। ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस निर्देशिकाको नाम "आर्थिक रुपले विपन्न नागरिक औषधी उपचार आर्थिक सहायता निर्देशिका, २०७६" रहेको छ ।

(२) यो निर्देशिका प्रदेश मन्त्रिपरिषदबाट स्वीकृत भएपछि लागु हुनेछ ।

२. <u>**परिभाषाः**</u> बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

**(क)**"अस्पताल" भन्नाले यस निर्देशिकाको अनुसूची- १ मा उल्लेख भएका अस्पताल र समय समयमा प्रदेश सरकारको निर्णयबाट प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अस्पताल सम्झनुपर्छ ।

**(ख)**"आर्थिक रुपले विपन्न नागरिक" भन्नाले दफा ३ बमोजिम गठित समितिले सिफारिस गरेको वा नेपाल सरकारले जारी गरेको गरिब परिवार परिचयपत्रबाहक आर्थिक रुपले विपन्न नागरिक सम्झनुपर्छ।

[⊗]**(ग)** "कडा रोग" भन्नाले मुटुरोग, मृगौलारोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाईनल ईन्जुरी, हेड इन्जुरी र सिकलसेल एनिमिया रोगलाई सम्झनुपर्छ ।

[♣]**(ग१)** "अन्य गम्भीर रोग" भन्नाले थालसेमिया, क्रोनिक लिभर डिजिज, मस्तिष्कघात, जटिल किसिमको वर्न(जलेको) तथा एसिड प्रहारका कारण जटिल तथा गम्भीर अवस्था भई विशेष

---

[⊗] आर्थिक रुपले विपन्न नागरिक औषधी उपचार आर्थिक सहायता (पहिलो संशोधन) निर्देशिका, २०७७ द्वारा संशोधित

[♣] आर्थिक रुपले विपन्न नागरिक औषधी उपचार आर्थिक सहायता (पहिलो संशोधन) निर्देशिका, २०७७ द्वारा थप

उपचार गरी ज्यान बचाउनुपर्ने अवस्था भएको भनी चिकित्सकबाट सिफारिस भएको रोगलाई सम्झनुपर्छ।

**(घ)** “निर्देशिका” भन्नाले आर्थिक रुपले विपन्न विरामी नागरिक औषधि उपचार सहायता निर्देशिका, २०७६ सम्झनुपर्छ ।

**(ङ)** “प्रदेश” भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनुपर्छ ।

**(च)** “मन्त्रालय” भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनुपर्छ ।

**(छ)** “सिफारिस” समिति भन्नाले दफा ३ मा भएको सिफारिस समिति सम्झनुपर्छ ।

**(ज)** “स्थानीय तह” भन्नाले भन्नाले उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनुपर्छ।

३. **सिफारिस समितिः** (१) आर्थिक रुपले विपन्न नागरिकलाई उपचार सहायताको लागि सिफारिस गर्न देहाय बमोजिमको औषधी उपचार सिफारिस समिति रहनेछः-

**(क)** सम्बन्धित स्थानीय तहको प्रमुख वा अध्यक्ष -संयोजक

**(ख)** सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृत –सदस्य

**(ग)** सम्बन्धित स्थानीय तहको स्वास्थ्य संयोजक - सदस्य

(२) उपदफा (१) बमोजिमका समितिका काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन।

⊗**(क)** कडा तथा अन्य गम्भीर रोग लागेका बिरामी नागरिक वा निजका एकाघर सगोलका व्यक्तिले औषधी उपचार आर्थिक सहायताका लागि सम्बन्धित रोग खुल्ने (निदान) र उपचारसँग सम्बन्धित कागजात संलग्न गरी अनुसूची २ बमोजिमको फाराम समेत भरी पेश गरेको निवेदन संकलन गर्ने ।

⊗**(ख)** खण्ड (क) बमोजिम प्राप्त निवेदनउपर जाँचबुँझ गरी आर्थिक सहायताका लागि मन्त्रालयमा सिफारिस गर्नुपर्नेछ।

⊗**(ग)** समितिले खण्ड (ख) बमोजिम गर्ने सिफारिससाथ अनुसूची -२ बमोजिमको फारामको प्रमाणित प्रतिलिपि समेत संलग्न राखी मन्त्रालयमा पठाउनुपर्नेछ।

**(घ)** एउटा रोगको विरामीका लागि दोहोरो नपर्ने गरी एकपटक मात्र सिफारिस गर्ने र

**(ङ)** सिफारिस गरिएको विरामीहरुको अभिलेख राख्ने ।

४. **आर्थिक रुपले विपन्न नागरिकलाई औषधी उपचार वापत आर्थिक सहायता प्रदान गरिनेः** कडा तथा अन्य गम्भीर रोग लागेका आर्थिक रुपले विपन्न विरामी नागरिकलाई देहाय बमोजिम औषधी उपचार वापत आर्थिक सहायता दिन सकिनेछः-

⊗**(क)** कडा तथा अन्य गम्भीर रोग लागी निरन्तर उपचार गराउनुपर्ने विरामीले पेश गरेको निवेदनका सम्बन्धमा दफा ४क बमोजिमको समितिको सिफारिसका आधारमा औचित्यता हेरी मन्त्रालयको मन्त्रिस्तरिय निर्णयबाट बढीमा पचास हजार रुपैयासम्म,

⊗**(ख)** कडा तथा अन्य गम्भीर रोग लागी निरन्तर उपचार गराउनुपर्ने विरामीले पेश गरेको निवेदनका सम्बन्धमा दफा ४क बमोजिमको समितिले गरेको सिफारिस बमोजिम मन्त्रालयको सिफारिसका आधारमा औचित्यता हेरी मुख्यमन्त्रिस्तरिय निर्णयबाट बढीमा एकलाख रुपैयासम्म,

♣ **(ग)** खण्ड (क) र (ख) मा उल्लेखित अवस्था बाहेक बिशेष र गम्भीर परिस्थिति सिर्जना भई रु. एक लाखभन्दा बढी आर्थिक सहायता प्रदान गर्नुपर्ने अवस्था देखिएमा दफा ४क बमोजिमको समितिको सिफारिसका आधारमा मन्त्रालयले पेश गरेको प्रस्तावमा प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार हुनेछ ।

♣४क. **कागजात जाँचबुझ समितिः** (१) निवेदनसाथ प्राप्त हुन आएका अनुसूची -३ बमोजिमका कागजातको जाँचबुझ र सिफारिसका लागि देहाय बमोजिको कागजात जाँचबुँझ तथा सिफारिस समिति रहनेछ ।

**(क)** प्रमुख, अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा - संयोजक

**(ख)** कानून अधिकृत, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

**(ग)** शाखा अधिकृत , आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

**(घ)** स्वास्थ्य सेवाको अधिकृतस्तरको कर्मचारी, (नीति,कानून, मापदण्ड, योजना तथा जनस्वास्थ्य महाशाखा प्रमुखले जिम्मेवारी तोकेको) - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले मेडिकल सम्बन्धी थप जाँचबुझ गर्न विशेषज्ञ चिकित्सकको राय परामर्शका लागि सरकारी अस्पतालबाट सम्बन्धित विशेषज्ञ चिकित्सकलाई आमन्त्रण गर्न सक्नेछ ।

---

⊗ आर्थिक रुपले विपन्न नागरिक औषधी उपचार आर्थिक सहायता (पहिलो संशोधन) निर्देशिका, २०७७ द्वारा संशोधित

⊗ आर्थिक रुपले विपन्न नागरिक औषधी उपचार आर्थिक सहायता (पहिलो संशोधन) निर्देशिका, २०७७ द्वारा संशोधित

♣ आर्थिक रुपले विपन्न नागरिक औषधी उपचार आर्थिक सहायता (पहिलो संशोधन) निर्देशिका, २०७७ द्वारा थप

(३) उपदफा (१) बमोजिमको समितिले निवेदनसाथ पेश हुन आएका कागजातहरुको जाँचबुँझ गरी रितपूर्वक भएमा आर्थिक विपन्नता र रोगको जटिलताका आधारमा आर्थिक सहायता रकम प्रदान गर्नका लागि मन्त्रालय समक्ष सिफारिस गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमका समितिका पदाधिकारीहरुले बैठक बसेवापत नियमानुसारको बैठकभत्ता पाउनेछन ।

५. **औषधी उपचार खर्च लिने र भुक्तानी गर्ने प्रकृयाः** आर्थिक रुपले विपन्न विरामी नागरिकले औषधी उपचार खर्च लिन देहाय बमोजिमको प्रकृया अवलम्बन गर्नुपर्नेछः-

⊗ **(क)** कडा तथा अन्य गम्भीर रोग लागेका आर्थिक रुपले विपन्न नागरिकले अनुसूची-३ बमोजिमको कागजातहरु संलग्न राखी आर्थिक सहायताका लागि मन्त्रालयसमक्ष निवेदन दिनुपर्नेछ ।

⊗ **(ख)** खण्ड (क) बमोजिम निवेदन र कागजात प्राप्त भएपश्चात उक्त कागजातहरु जाँचबुझ र र सिफारिस गर्ने प्रयोजनका लागि दफा ४क बमोजिमको समितिसमक्ष पेश गर्नुपर्नेछ।

⊗ **(ग)** खण्ड (ख) बमोजिम कागजात प्राप्त भएपश्चात दफा ४क बमोजिमको समितिले कागजातको मूल्यांकन गरी रितपूर्वक देखिएमा बिरामीको आर्थिक पक्ष र रोगको जटिलता तथा उपचारको औचित्यताको मूल्यांकन गरी आर्थिक सहायताको लागि मन्त्रालयसमक्ष सिफारिस गर्नुपर्नेछ ।

⊗ **(घ)** खण्ड (ग) बमोजिम सिफारिस गर्दा समितिले बिरामीको आर्थिक विपन्नता र रोगको जटिलताका आधारमा दफा ४ बमोजिमको प्रावधान बमोजिम रकमको अधिकतम सिमाभित्र रही रकम निर्धारण गरी मन्त्रालय समक्ष सिफारिस गर्नुपर्नेछ ।

⇒ **(ङ)** ..................................................

⊗ **(च)** दफा ४ बमोजिम निर्णय भएको रकम मन्त्रालयले सम्बन्धित व्यक्तिलाई बैंक चेकमार्फत भुक्तानी गर्नेछ,

**(छ)** एक कडारोगका लागि एकपटक मात्र सिफारिस गरिने र एकपटक मात्र आर्थिक सहायता उपलब्ध गराइनेछ,

♣ **(ज)** खण्ड (च) मा जुनसुकै कुरा लेखिएको भएतापनि कडा तथा अन्य गम्भीर रोग लागेको व्यक्ति सिकिस्त बिरामी भई बैंक कारोवार गर्न नसक्ने अवस्था भएमा निजले आफ्नो एकाघरको व्यक्ति वा संरक्षकलाई मन्जुरीनामा दिई निजको खातामा रकम जम्मा गरिदिन मन्त्रालयलाई अनुरोध गर्नसक्नेछ,

---

⇒ आर्थिक रुपले विपन्न नागरिक औषधी उपचार आर्थिक सहायता (पहिलो संशोधन) निर्देशिका, २०७७ द्वारा झिकिएको

⊗ आर्थिक रुपले विपन्न नागरिक औषधी उपचार आर्थिक सहायता (पहिलो संशोधन) निर्देशिका, २०७७ द्वारा संशोधित

♣ आर्थिक रुपले विपन्न नागरिक औषधी उपचार आर्थिक सहायता (पहिलो संशोधन) निर्देशिका, २०७७ द्वारा थप

६. **<u>सूचिकृत अस्पतालको काम, कर्तव्य र अधिकारः</u>** सूचीकृत अस्पतालको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

⊗ **(क)** उपचारका लागि सिफारिस भई आएका आर्थिक रुपले विपन्न विरामी नागरिकको अभिलेख (विद्युतिय प्रविधिबाट समेत) राखी छुट्टाछुट्टै फायल खडा गरी राख्ने,

⊗**(ख)** कडा तथा अन्य गम्भीर रोग लागेका विरामीहरुको प्रभावकारी उपचार व्यवस्थापनका लागि छुट्टै सहायता कक्षको व्यवस्था मिलाउने,

⊗**(ग)** सिफारिस भई आएका कडा तथा अन्य गम्भीर रोगका बिरामीलाई पहिलो प्राथमिकताका साथ उपचार गर्ने व्यवस्था मिलाउने, र

⊗ **(घ)** समितिको सिफारिसमा कडा तथा अन्य गम्भीर रोग लागेका विरामीहरुको उपचार गरेको विवरण चौमासिक रुपमा सार्वजनिकरण गर्ने र सो विवरण मन्त्रालयमा समेत पठाउने ।

७. **<u>बजेट तथा जनशक्ति व्यवस्थापनः</u>** (१) यस निर्देशिका बमोजिम आर्थिक रुपले विपन्न विरामी नागरिकलाई औषधीउपचार वापत आर्थिक सहायतका लागि आवश्यक पर्ने बजेटको व्यवस्थापन मन्त्रालयले मिलाउनु पर्नेछ।

(२) मन्त्रालयले आर्थिक रुपले विपन्न नागरिकलाई औषधी उपचार वापतको सहायतका व्यवस्थापनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्नुपर्नेछ।

८. **<u>दोहोरो सुविधा उपलब्ध नगराइनेः</u>** (१) यस निर्देशिका बमोजिम आर्थिक सहायता प्राप्त गर्न योग्य बिरामीले स्वास्थ्य बिमा वापतको पनि रकम प्राप्त गर्ने अवस्था भएमा औषधी उपचार वापत आर्थिक सहायता उपलब्ध गराईनेछैन ।

⊗ (२) यस निर्देशिका बमोजिम कुनै कडा तथा अन्य गम्भीर रोगको उपचारका लागि एकपटक आर्थिक सहायता प्राप्त गरिसकेको व्यक्तिलाई सोही रोगका लागि पुनः आर्थिक सहायता उपलब्ध गराइनेछैन ।

तर, सोही व्यक्तिलाई यस निर्देशिका बमोजिमको अर्को कडारोग लागी उपचार गराउनुपर्दाको अवस्थामा अर्को पटक आर्थिक सहायता उपलब्ध गराउन बाधा पर्ने छैन ।

९. **<u>विवरण सार्वजनिक गर्नुपर्नेः</u>** (१) आर्थिक रुपले विपन्न विरामी नागरिकलाई आर्थिक सहायता भुक्तानी भएको विवरण मन्त्रालयले वेवसाइट मार्फत त्रैमासिक रुपमा सार्वजनिक गर्नुपर्नेछ।

(२) आर्थिक सहायता रकम निकासा तथा भुक्तानी प्रकृयाका प्रभावकारिताका सम्बन्धमा मन्त्रालयको सचिवले नियमित अनुगमन गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम गरेको अनुगमनबाट प्राप्त पृष्ठपोषणका आधारमा आर्थिक रुपले विपन्न विरामी नागरिकलाई आर्थिक सहायता उपलब्ध गराउने कार्यलाई मन्त्रालयले व्यवस्थिक र प्रभावकारी बनाउनु पर्नेछ।

१०. **लेखा परीक्षणः** यस निर्देशिका बमोजिम आर्थिक रुपले विपन्न विरामी नागरिकलाई उपलब्ध गराएको आर्थिक सहायता सम्बन्धमा प्रचलित कानून बमोजिम सम्बन्धित मन्त्रालयले लेखांकन र लेखा परीक्षण गराउनु पर्नेछ।

११. **कारवाही तथा असुलउपर गरिनेः** ⊕(१) आर्थिक रुपले विपन्न नागरिको उपचारको नाममा झुठ्ठा विवरण पेश गरी आर्थिक सहायता रकम लिएको ठहरेमा झुठ्ठा विवरण पेश गरी रकम प्राप्त गर्ने निवेदकबाट उक्त रकम असुलउपर गरी सम्बन्धित झुठ्ठा कागज प्रमाण बनाउने पदाधिकारीलाई आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाईनेछ ।

(२) उपदफा (१) बमोजिम रकम असुलउपर हुन नसकेमा कानून बमोजिम कारवाहीका लागि मन्त्रालयले सम्बन्धित निकायमा लेखी पठाउनेछ।

(३) आर्थिक रुपले विपन्न नागरिकको उपचारको लागि प्रदेश अन्तर्गतका वा अन्य सूचीकृत अस्पतालले यो निर्देशिका अनुरुप काम नगरेको पाइएमा त्यस्ता अस्पताललाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

१२. **गुनासो सुनुवाईः** (१) आर्थिक रुपले विपन्न नागरिकले सूचीकृत अस्पतालबाट सहज ढंगले उपचार नपाएको वा सहज ढंगले आर्थिक सहायता नपाएको बिषयमा मन्त्रालयको सचिवसमक्ष निवेदन दिन सक्नेछ।

(२) मन्त्रालयको सचिवले उपदफा (१) बमोजिमको निवेदनका सम्बन्धमा यथाशिघ्र जाँचबुँझ गरी निवेदनको गुनासो समाधान गर्नुपर्नेछ

१३. **प्रचलित कानून बमोजिम हुनेः** यस निर्देशिकामा उल्लेखित बिषयमा यसै निर्देशिका बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१४. **बाधा अड्काउः** यस निर्देशिकाको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा सोको बाधा अड्काउ फुकाउने अधिकार प्रदेश सरकारमा निहित रहनेछ ।

---

⊗ आर्थिक रुपले विपन्न नागरिक औषधी उपचार आर्थिक सहायता (पहिलो संशोधन) निर्देशिका, २०७७ द्वारा संशोधित

अनुसूची- १

(दफा २ को खण्ड(क) सँग सम्बन्धित)

**आर्थिक रुपले विपन्न विरामी नागरिकहरुलाई औषधी उपचारका लागि सूचिकृत गरिएका अस्पतालहरु**

| सि.नं | संस्थाको नाम | रोग | कैफियत |
|---|---|---|---|
| १ | चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल काठमाण्डौ | क्यान्सर, मृगौला, मुटु, पार्किन्सन, अल्जाईमर, हेडइन्जुरी, स्पाईनल इन्जुरी | |
| २ | त्रि वि शिक्षण अस्पताल, महाराजगंज, काठमाण्डौ | क्यान्सर, मृगौला, मुटु, पार्किन्सन, अल्जाईमर, हेडइन्जुरी, स्पाईनल इन्जुरी | |
| ३ | वि पि कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवन | क्यान्सर | |
| ४ | वि पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान,सुनसरी | क्यान्सर, मृगौला, मुटु, पार्किन्सन, अल्जाईमर, हेडइन्जुरी, स्पाईनल इन्जुरी | |
| ५ | भक्तपुर क्यान्सर अस्पताल, भक्तपुर | क्यान्सर | |
| ६ | परोपकार प्रसुती तथा स्त्रीरोग अस्पताल, थापाथली काठमाण्डौ | क्यान्सर | |
| ७ | कान्ति बालअस्पताल महमाराजगंज, काठमामण्डौ | क्यान्सर, मृगौला, मुटु | |
| ८ | निजामती कर्मचारी अस्पताल, मिनभवन,काठमाण्डौ | क्यान्सर, सिकलसेल, एनिमिया,थालसेमिया | |
| ९ | क्यान्सर केयर नेपाल, जावलाखेल, ललितपुर | क्यान्सर | |
| १० | मानव अंग प्रत्यारोपण केन्द्र, भक्तपुर | मृगौला र मुटु | |
| ११ | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा | डायलासिस | |
| १२ | राष्ट्रिय मृगौला उपचार केन्द्र, वनस्थली, कामाण्डौ | मृगौला | |
| १३ | राप्ती उपक्षेत्रिय अस्पताल, घोराही, दाङ्ग | सिकलसेल एनिमिया, थालसेमिया र डायलासिस | |
| १४ | नेपालगंज मेडिकल कलेज, कोहलपुर, बाँके | क्यान्सर, मुटु, डायलासिस, हेडइन्जुरी, स्पाईनल इन्जुरी | |
| १५ | भेरी अंचल अस्पताल, नेपालगंज, बाँके | सिकलसेल एनिमिया, थालसेमिया र डायलासिस | |
| ⊕१६ | नेपालगंज मेडिकल कलेज, जोरपाटी, काठमाण्डौ | डायलासिस | |
| १७ | चितवन मेडिकल कलेज, चितवन | मृगौला | |

| | | | |
|---|---|---|---|
| ⊕१८ | लुम्बिनि प्रादेशिक अस्पताल, बुटवल | सिकलसेल एनिमिया र थालसेमिया | |
| ⊕१९ | सेती प्रादेशिक अस्पताल, धनगढी | सिकलसेल एनिमिया, थालसेमिया र डायलासिस | |
| २० | गण्डकी मेडिकल कलेज, पोखरा | डायलासिस | |
| २१ | युनिभर्सल कलेज अफ मेडिकल साइन्सेस, भैरहवा | डायलासिस | |
| २२ | चितवन मेडिकल कलेज शिक्षण अस्पताल, चितवन | क्यान्सर, डायलासिस, मुटु, पार्किन्सन, अल्जाईमर, हेडइन्जुरी, स्पाईनल इन्जुरी | |
| २३ | कलेज अफ मेडिकल साइन्सेस, भरतपुर | डायलासिस, मुटु, पार्किन्सन, अल्जाईमर, हेडइन्जुरी, स्पाईनल इन्जुरी | |
| २४ | मणिपाल शिक्षण अस्पताल, पोखरा | क्यान्सर, मुटु, डायलासिस, हेडइन्जुरी, स्पाईनल इन्जुरी | |
| २५ | भक्तपुर क्यान्सर अस्पताल, भक्तपुर | क्यान्सर | |
| २६ | राष्ट्रिय मृगौला उपचार केन्द्र, काठमाण्डौ | डायलासिस | |
| २७ | बि एण्ड बि ग्वार्को ललितपुर | क्यान्सर, डायलासिस | |
| २८ | आरोग्य स्वास्थ्य प्रतिष्ठान, ललितपुर | डायलासिस | |
| २९ | नेशनल डायलासिस सेन्टर, बसुन्धरा, काठमाण्डौ | डायलासिस | |
| ३० | क्यान्सर केयर नेपाल, जावलाखेल | क्यान्सर | |
| ३१ | सिध्दार्थनगर सिटि अस्पताल प्रा लि, बुटवल | डायलासिस | |
| ३२ | अल्का अस्पताल, जावलाखेल, ललितपुर | डायलासिस | |
| ३३ | गौतमबुध्द सामुदायिक मुटु अस्पताल, बुटवल | मुटु, डायलासिस | |
| ३४ | बयोदा हस्पिटल प्रा लि | मुटु, डायलासिस | |
| ३५ | काठमाण्डौ, क्यान्सर सेन्टर, ताथली भक्तपुर | क्यान्सर | |
| ३६ | राष्ट्रिय ट्रमा सेन्टर, काठमाण्डौ | हेडइन्जुरी, स्पाईनल इन्जुरी | |
| ३७ | नेपाल क्यान्सर हस्पिटल एण्ड रिसर्च सेन्टर, ललितपुर | क्यान्सर | |
| ३८ | विरेन्द्र सैनिक अस्पताल, छाउनी, काठमाण्डौ | डायलासिस | |
| ३९ | ग्राण्डी इन्टरनेशनल अस्पताल, धापासी, काठमाण्डौ | डायलासिस | |

⊕ आर्थिक रुपले विपन्न नागरिक औषधी उपचार आर्थिक सहायता (पहिलो संशोधन) निर्देशिका, २०७७ द्वारा संशोधित

| | | | |
|---|---|---|---|
| ४० | ओम हस्पिटल एण्ड रिसर्च सेन्टर, चावहिल | डायलासिस | |
| ४१ | ग्रीन सिटि अस्पताल प्रा.लि. धापासी काठमाण्डौ | डायलासिस | |
| ४२ | घोडाघोडी हस्पिटल प्रा.लि, सुखड, कैलाली | सिकलसेल, एनिमिया र थालसेमिया | |
| ४३ | महाकाली अस्पताल, कंचनपुर | सिकलसेल, एनिमिया र थालसेमिया | |
| ४४ | जिल्ला अस्पताल, बर्दिया | सिकलसेल, एनिमिया र थालसेमिया | |
| ४५ | अन्नपूर्ण न्युरोलोजिकल एण्ड अलाइड साइन्सेज, माइतीघर काठमाण्डौ | हेड इन्जुरी, स्पाइनल इन्जुरी | |
| ४६ | भरतपुर अस्पताल, भरतपुर चितवन | हेड इन्जुरी, स्पाइनल इन्जुरी, डायलासिस, मुटुरोग | |
| ४७ | सुशील कोइराला प्रखर क्यान्सर अस्पताल, बाँके | क्यान्सर | |
| ४८ | मध्यपश्चिम क्षेत्रीय अस्पताल, सुर्खेत | डायलासिस | |
| ४९ | राप्ती अंचल अस्पताल, तुलसीपुर, दाङ्ग | डायलासिस | |
| ५० | कर्णाली विज्ञान प्रतिष्ठान, जुम्ला | क्यान्सर, हेड इन्जुरी, स्पाइनल इन्जुरी, डायलासिस | |
| ५१ | नेपाल प्रहरी अस्पताल, महाराजगंज, काठमाण्डौ | हेड इन्जुरी, स्पाइनल इन्जुरी, डायलासिस, मुटुरोग | |
| ५२ | उपक्षेत्रीय अस्पताल, डडेल्धुरा | डायलासिस, मुटु | |
| ५३ | मनमोहन कार्डियो थोरासिक, भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर, काठमाण्डौ | मुटु, क्यान्सर | |
| ५४ | टिकापुर अस्पताल, कैलाली | सिकलसेल एनिमिया र थालसेमिया | |
| *५५ | सहित गंगालाल राष्ट्रिय हृदयकेन्द्र बाँसबारी, काठमाण्डौ | | |

* आर्थिक रुपले विपन्न नागरिक औषधी उपचार आर्थिक सहायता (पहिलो संशोधन) निर्देशिका, २०७७ द्वारा थप

अनुसूची -२

(दफा ५ बो खण्ड (क)  संग सम्बन्धित)

**<u>आर्थिक रुपले विपन्न विरामी नागरिकहरुले आवेदन गर्ने फाराम</u>**

श्रीमान संयोजक ज्यू,
औषधी उपचार सिफारिस समिति
........................................उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका.....................

| | | |
|---|---|---|
| १. | वैयक्तिक<br>विरामीको नाम थरः<br>ठेगानाः<br>उमेरः लिंगः<br>ना.प्र.प नः<br>ना.प्र.प जारी जिल्लाः<br>जातिगत विवरणः | आयश्रोतः<br>पेशा/व्यवसायः<br>रोजगारीः<br>अनुमानित मासिक आयः |
| २. | जग्गा जमिन(क्षेत्रफल/स्थान समेत) :<br>भौतिक संरचना (घर/टहरा/अन्य संख्या):<br>सवारी साधन/संख्याः<br>बैंक मौज्दात रकमः<br>सुन/चाँदी (तौल):<br>नगद रकमः | बिरामीको प्रकारः |
| ३. | संलग्न कागजातहरु (अनुसूची ३ अनुसार): | |
| ४. | उपर्युक्त बमोजिम ठिक साँचो हो झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।<br>निवेदकको नामः<br>ठेगानाः<br>दस्तखतः<br>मितिः<br>सम्पर्क नं | |

अनुसूची-३

(दफा ५ को खण्ड (क) सँग सम्बन्धित)

**आर्थिक रुपले विपन्न बिरामी नागरिकले औषधी उपचार सहायता रकम प्राप्त गर्न पेश गर्नुपर्ने कागजातहरुः**

- बिरामीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- बिरामी बालकको हकमा जन्मदर्ता प्रतिलिपि,
- बिरामी आर्थिक रुपले बिपन्न बिरामी नागरिक भएको र औषधी उपचार सहायता सम्बन्धी समबन्धित वडाको सिफारिस,
- बिरामीको बैंक खाता रहेको भए बैंकको नाम र खाता नम्बर,
- नेपाल सरकारबाट आर्थिक रुपले विपन्न नागरिकले उपचार सहायता रकम प्राप्त गरे नगरेको विवरण,
- दफा ३ बमोजिमको समितिको सिफारिसको प्रतिलिपि,
- चिकित्सकको प्रेस्क्रिप्सनको प्रतिलिपि र
- ♣अनुसूची २ बमोजिमको फारामको प्रमाणित प्रतिलिपि ।

---

♣ आर्थिक रुपले विपन्न नागरिक औषधी उपचार आर्थिक सहायता (पहिलो संशोधन) निर्देशिका, २०७७ द्वारा थप